# ऐरावती गाउँपालिकाको
# गाउँसभामा अध्यक्ष श्री नविल विक्रम शाहद्वारा प्रस्तुत
# आर्थिक वर्ष २०७६/०७७ को
# नीति तथा कार्यक्रम

## ऐरावती गाउँपालिका

## बरौंला, प्यूठान

१० असार, २०७६

आदरणिय गाउँसभामा उपस्थित गाउँपालिकाका उपाध्यक्षज्यु,

गाउँसभाका सदस्यज्यूहरु तथा उपस्थित सम्पुर्ण महानुभावहरु,

१) नेपालको संविधानको मर्म अनुसार संघीय संरचना अनुरुप संचालन भईरहेको स्थानीय सरकारको प्रमुखको हैसियतमा ऐरावती गाउँपालिकाको गरिमामय गाउँसभामा आ व २०७६/०७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाएकोमा अत्यन्तै खुशि लागेको छ। यस अवसरमा नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक बनाउनका लागि विभिन्न कालखण्डका ऐतिहाँसिक बलीदानीपुर्ण आन्दोलन, शशस्त्र आन्दोलन, मधेश लगाएतका आन्दोलनमा अमुल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहिदहरुको त्याग र वलिदानको उच्च सम्मान गर्दै **शहिदहरुप्रति हार्दिक श्रदान्जली** अर्पण गर्न चाहान्छु। राजनीतिक तथा सामाजिक आन्दोलनका घाइते योद्धा, बेपत्ता नागरिकहरु तथा राजनैतिक आन्दोलनका अग्रज योद्धाहरु प्रति म **उच्च सम्मान** व्यक्त गर्न चाहान्छु।

२) संवैधानिक प्रावधान बमोजिम संघीयताको आधारभुत अंगको रुपमा स्थानीय सरकारको रुपमा दुई वर्षको अवधि सफल भएको अनुभुति गरेको छु। यो सफलता प्राप्तीका लागि सहयोग गर्ने, सुझाव तथा मार्गदर्शन दिनुहुने, खवरदारी गर्नुहुने सम्पुर्ण जनप्रतिनिधि मित्रहरु, संघ, प्रदेश, राजनीतिक दल, कर्मचारी, शिक्षक, समाजसेवी, बुद्धिजिवि, साझेदार तथा सहयात्री सम्पुर्ण सरकारी तथा गैरसरकारी संघ-संस्था, पत्रकार तथा सम्पुर्ण बुवाआमा-दाजुभाई तथा दिदिबहिनिहरु प्रति **हार्दिक आभार प्रकट** गर्न चाहान्छु। राजनैतिक अधिकार सहित स्थापित स्थानीय तहलाई जनताको नजिकको सरकारको रुपमा संविधानको परिकल्पना अनुरुप सामाजिक न्याय र समाजबादको लक्ष्यमा पुग्न यस गाउँपालिकालाई जीवन्त आर्थिक समृद्धिको केन्द्रको रुपमा स्थापित गर्दै सोंचे अनुरुपको सफलताका लागि आगामी दिनमा सबैबाट थप **हौसला, सहयोग एवं खबरदारीको अपेक्षा** गरेको छु।

३) संघीयताको मर्म अनुरुप स्थानीय सरकारको अधिकारको सफल प्रयोगका सन्दर्भमा विभिन्न क्षेत्रबाट आशंका उत्पन्न भइरहेको अवस्थामा सहमती, सहकार्य र सहभागिताको भावनालाई आत्मसात गर्दै आर्थिक-सामाजिक विकास, सार्वजनिक सेवा प्रवाह, पुर्वाधार विकास, वातावरण संरक्षण, आर्थिक अनुशासन तथा सुशासन प्रबर्द्धनका कार्यक्रमहरुलाई उच्च प्राथमिकतामा राख्दै **सुन्दर र समुन्नत ऐरावती**को पहिचान स्थापित गर्नु हाम्रो प्रमुख जिम्मेवारी रहेको छ।

४) संघीय संरचनाले सुनिश्चित गरेका लाभहरुमा जनताको समन्यायिक पहुँच स्थापित गर्दै नागरिकको घर दैलोमा सेवा पुऱ्याउन सकेमात्र लोकतन्त्रले सार्थकता पाउने मान्यतामा उभिएर यो गाउँपालिका **अधिकांर सम्पन्न स्थानिय सरकारको रुपमा दृढता सहित उभिने** छ।

५) नेपालको संविधानले निर्दिष्ट गरेका अधिकारहरुको व्यापक र प्रतिफलयुक्त अभ्यास गर्दै स्थानीय तहको सरकारलाई शसक्त, सक्षम र सवल सरकारको रुपमा विकास गराउनु पर्दछ भन्ने आजको आवश्यकतालाई मध्यनजर गर्दै आफुलाई सोही वाटोमा अगाडी वढ्ने **प्रतिबद्धता व्यक्त** गर्दछु ।

६) प्रचलित कानुनको अधिनमा रहि उच्च नैतिक चरित्रका साथ अहोरात्र खटिरहने स्थायी सरकारको रुपमा अनवरत सेवा प्रदान गर्नुभएका **राष्ट्रसेवक कर्मचारी** बर्गप्रति सम्मान गर्दै उहाँहरुको मनोवललाई उच्च राखि अझ प्रभावकारी ढंगबाट सेवा प्रदान गर्न **सम्पुर्ण कर्मचारी वर्गलाई उत्प्रेरित हुन अपिल** गर्दछु।

७) आर्थिक वर्ष २०७६/०७७ का लागि नीति तथा कार्यक्रम तयार गर्दा नेपालको संविधानको मर्म र भावना, संघीय तथा प्रादेशिक सरकारका मार्गदर्शन, स्थानीय सरकार संचालन ऐन-२०७४, दिगो विकास लक्ष, पन्ध्रौं आवधिक योजनाको आधारपत्र, ऐरावती गाउँ कार्यपालिका तथा गाउँसभा बाट पारित ऐन, नियमावली तथा कार्यविधिहरु, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७५, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका-२०७५, गाउँपालिकाको योजना छनौट मार्गदर्शन-२०७६ तथा प्रचलित कानून र मापदण्ड बमोजिम प्राथमिकता प्राप्त कार्यक्रमलाई **मूल आधार** मानिएको छ।

आदरणिय सदस्यज्यूहरु,
अव म आर्थिक वर्ष २०७५/०७६ मा अगाडि बढाईएका नीति तथा कार्यक्रमहरुको उपलब्धी सम्बन्धमा संक्षेपमा चर्चा गर्दछु ।

**"कृषि पर्यटन रोजगारीको बढाउँदै गति**
**शान्त सुन्दर सम्मुन्नत बनाऔं ऐरावती"**

भन्ने मुल आदर्श सहित सन्तुलित र समतामुलक विकासको माध्यमबाट ऐरावतीको समृद्धिको लागि विषयगत रुपमा अवलम्वन गरिएका नीतिहरुको कार्यान्वयनले विकासको आधार तयार हुँदै गरेको छ ।

१. आम जनताको सुचनामा पहुँच स्थापित गर्न गाउँपालिकाको **वेवसाईट तथा मोवाईल एप्स निर्माण** भई संचालनमा आएको छ।

२. नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहलाई तोकिएका जिम्मेवारी तथा अधिकार क्षेत्र अन्तर्गत रहि **२९ वटा कानुन** निर्माण भई कार्यान्वयन भईरहेका छन ।

३. **सामाजिक सुरक्षा भत्तालाई वैङ्किङ प्रणाली**बाट वितरणको शुरुवात गरिएको छ। सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको कुल संख्या २ हजार ३ सय २२ जना रहेको छ।

४. २०७५ सालमा ऐरावती गाउँपालिकामा जम्मा **१ हजार ९ सय ६१ वटा व्यक्तिगत घटना दर्ता भ**एका छन।

५. आर्थिक कारोवारलाई पारदर्शी बनाउन **योजनागत रुपमा सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण**को व्यवस्था गरिएको छ। रु ५० हजार भन्दा बढि लागतका योजनाहरुको **भुक्तानी वैङ्किङ प्रणाली**बाट गरिएको छ।

६. निर्वाचित जनप्रतिनिधी, सेवाप्रदायक कर्मचारी तथा नागरिकको क्षमता अभिवृद्धि सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गरिएको छ। शिक्षकहरुका लागि **पुनर्ताजगी तालिम संचालन** गरिएको छ।

७. गाउँपालिकामा तथा माध्यमिक विद्यालयहरुमा **वायोमेट्रिक हाजिरी जडान** गरिएको छ।

८. विद्यालय पहुँचलाई सहज बनाउनका लागि **१२ वटा विद्यालयमा आधारित प्रारम्भिक वालविकास केन्द्र थप** गरि सूचारु गरिएको छ। मोति माध्यमिक विद्यालयमा **प्राविधिक धारको विद्यालय संचालन** भएको छ।

९. विद्यालय उमेरका सबै **वालवालिका विद्यालयको पहुँचमा** आएका छन। **३ हजार ४२ जनालाई छात्रवृत्ति** वितरण गरिएको छ।

१०. **३४ वटा सामुदायिक विद्यालयहरुमा कम्प्युटर वितरण** गरिएको छ भने सबै सामुदायिक विद्यालयहरुको **विद्युत पहुँच** पुऱ्याईएको छ।

११. शिक्षक विद्यार्थी अनुपातका आधारमा विद्यार्थी सिकाई उपलब्धी बढाउनका लागि **PCF अनुदान**को व्यवस्था गरिएको छ।

१२. मोति माध्यमिक विद्यालयमा **Automatic Sanitary Pad भेन्डिङ मेसिन जडान** गरिएको छ भने आधारभुत तथा माध्यमिक विद्यालयहरुमा **निशुल्क स्यानीटरि प्याड वितरण**को कार्यक्रम अगाडि बढाईएको छ।

१३. मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम अन्तरगत सामुदायिक विद्यालयहरुमा **विद्यार्थी टिकाउ र सिकाउ**का लागि २ सय जना विद्यार्थीका लागि खाद्य सुरक्षा तथा १ सय जना विद्यार्थीका लागि विपन्न छात्रवृत्ति कार्यक्रम संचालन गरिएको छ।

१४. जेष्ठ नागरिक सम्मान, अपाङ्ग सहायता सामाग्रि वितरण, महिला शशक्तिकरण, अपाङ्ग शशक्तिकरण तथा दलितहरुका लागि **स्वरोजगारमुलक बनाउन कार्यक्रम** लागु गरिएका छन।

१५. सामाजिक हिंसा, लैङ्गिक हिंसा अन्त्य, वालविवाह न्युनीकरण, वालहिंसा, वालश्रम तथा सामाजिक विभेद अन्त्यका लागि कानुनी सचेतना तथा कानुनी सहायताको लागि **उपाध्यक्ष सम्म न्यायिक पहुँच कार्यक्रम** संचालन भएको छ ।

१६. ऐरावती गाउँपालिका स्तरीय अन्तर माध्यमिक विद्यालय **प्रथम राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सम्पन्न** भएको छ । आधारभुत खेलकुद सामाग्रि खरिदका लागि विद्यालयहरुलाई आवश्यक वजेट निकासा दिईएको छ।

१७. विद्यालयको सिकाई उपलब्धि, सरसफाईयुक्त विद्यालय, कार्यसम्पादनका आधारमा **उत्कृष्ट विद्यालयहरु छनौट गरि पुरस्कारको व्यवस्था** गरिएको छ।

१८. विद्यार्थी संख्याको अनुपातमा सबै विद्यालयमा शुद्ध पिउने पानीका लागि **फिल्टरको सुनिश्चितताका लागि वजेट निकासा** गरिएको छ ।

१९. स्वास्थ्य सेवामा मेरो पहुँच नामक कार्यक्रम मार्फत **३ वटा सामुदायिक स्वास्थ्य ईकाईको भवन निर्माण** गरि पुर्ण रुपमा सेवा सुचारु गरिएको छ । चालु आर्थिक वर्षको जेष्ठ मसान्तसम्म **२ हजार १९ जनाले सेवा प्राप्त** गरेका छन।

२०. गाउँपालिकाको सवै वडाहरुमा रहेका स्वास्थ्य चौकीहरुबाट जेष्ठ मसान्त सम्म कुल **२२ हजार १५ जनाले सेवा प्राप्त** गरेका छन ।

२१. स्वास्थ्यकर्मीहरु **घरमै गएर ९२ जनालाई तेस्रो सुत्केरी तथा नवशिशु जाँच** गरिएको छ। **पुर्णखोप युक्त गाउँपालिका**ले निरन्तरता पाएको छ ।

२२. **वृद्धलाई ओखती कार्यक्रम** बाट जेष्ठ मसान्त सम्म १५८ जनालाई स्वास्थ्य उपचार सेवा प्रदान गरिएको छ।

२३. गाउँपालिका स्थापना दिवस तथा विशेष अवसरहरुमा **सरसफाई तथा फलफुल विरुवा रोपण** अभियानलाई निरन्तरता दिईएको छ ।

२४. गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य चौकीका ६ वटै **वर्थिङ सेन्टरहरुमा सोलार वत्ती जडान** कार्य अगाडि वढाइएको छ ।

२५. बरौंला स्वास्थ्य चौकीमा ASK Foundations को सहयोगमा वैशाख २१ गते देखि विशेषज्ञ सेवा सहितको **टेलिमेडिसिन सेवा** सुचारु गरिएको छ। हालसम्म ३२ जनाले उक्त सुविधा प्राप्त गरिसकेका छन ।

२६. बरौंलामा **वृहत स्वास्थ्य शिविर**, जुडाटाकुरामा **स्याटेलाईट क्लिनिक संचालन** गरिएको छ ।

२७. खानेपानी निर्माण सम्बन्धी योजनाहरुमा **एक घर एक धारा अभियान** अन्तर्गत यस आ.व. मा ११८ घरधुरीमा धारा जडान भएको छ भने अन्य सामुहिक धाराहरु निर्माण भई खानेपानी सुविधा विस्तार भईरहेको छ।

२८. हालसम्म ९ स्थानमा खानेपानी उपभोक्ता समितिहरुका लागि **पानी सुरक्षा योजना** संचालन गरि खानेपानी योजना तथा श्रोतको दिगो उपयोगका लागि अभिमुखिकरण गरिएको छ।

२९. पुर्व सहकारी शिक्षा, सहकारीको नियमन तथा सहकारी व्यवस्थापन तथा सहकारीसँग **साझेदारीमा कार्यक्रम संचालन** गरिएको छ।

३०. कृषि तथा पशुजन्य उपजको उत्पादन वृद्धिका लागि उत्पादनमा आधारित अनुदान (फलफुल तथा तरकारी, उन्नत जातको बोका तथा रागा, माछापालन, बाख्रापालन, कुखुरापालन, भकारो सुधार, सिडविन, मुल तथा प्रजनन विउ, बङ्गुरपालन, टनेल निर्माण आदि) वितरण गरि कृषि जन्य उपजको विक्रि तथा उपभोग व्यवस्थापनका लागि **हाटवजार संचालन** गरिएको छ।

३१. गुणस्तरीय रासायनिक मलको सहज तथा सुपथ मुल्यमा किसान समक्ष पुऱ्याउनका लागि **मुल्य समायोजनमा सहयोग** गरिएको छ।

३२. सामुहिक कृषि तथा पशुपालनको अवधारणा अनुरुप २९ वटा कृषि समुह तथा ५० वटा पशुपालक समुह निर्माण गरि समुहको **प्राथमिक तथा मुख्य उत्पादन र सहायक उत्पादन** तोकिएको छ।

३३. चालु आर्थिक वर्षको जेष्ठ मसान्तको **राजश्व गत वर्ष भन्दा १९ प्रतिशतले वृद्धि** भएको छ। राजश्व सम्भाव्यता अध्ययन गरी आगामी आर्थिक वर्षका लागि **राजश्व प्रक्षेपण तथा संकलन योजना तयार** गरिएको छ।

३४. कार्यालयको सेवा प्रवाहलाई व्यवस्थित गर्न भाडामा संचालन भएका कार्यालयहरु वडा नं ३ र वडा नं ५ को **कार्यालय भवन निर्माण सम्पन्न** भएको छ।

३५. **विजुली लिफ्ट खानेपानीको लागि वोलपत्र आह्वान** गरिएको छ र दाङवाङ र **तिल्केनी –चुत्रेनी लिफ्ट खानेपानी योजनाको डिपिआर** तयार गरि कार्य अगाडि बढाइएको छ। **लादम लिफ्ट खानेपानी तथा उदिक लिफ्ट खानेपानी संचालन** भएको छ।

३६. प्रदेश सरकारसँगको साझेदारीमा **जनता आवास कार्यक्रम** अन्तर्गत १५० विपन्न परिवारको घरमा रहेका **खरका छाना विस्थापनको कार्यक्रम** अगाडि बढाईएको छ।

३७. ऐरावती-२ ददेरीपाटाका स्थानीयहरुले निशुल्क प्रदान गर्नुभएको जग्गामा गाउँपालिकाको **प्रशासकीय भवन, कभर्ड हल तथा सभा हल निर्माण**को कार्य अगाडि बढिरहेको छ।

३८. युवा लक्षित **स्वरोजगारमुलक सीप विकास सम्बन्धी तालिम** (सिलाईकटाई, सिकर्मी, डकर्मी, होटल कुक आदि) संचालन गरिएको छ।

३९. पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न **कमिरे भ्यु टावर तथा टाकुरा डाँडा वनभोज पार्क निर्माण** कार्य अगाडि बढाइएको छ । स्थानीय मौलिक संस्कृतिको विकासका लागि **ऐरावतीको माघे सक्रान्तीमा लाग्ने मेला व्यवस्थापन तथा संस्कृति प्रोत्साहन** गरिएको छ।

४०. सामुदायिक वन उपभोक्ता समितिहरुसँग सहकार्य गरि सामुदायिक वनहरुमा **५२ वटा रिचार्ज पोखरी निर्माण** गरिएको छ । ऐरावती -२ उपल्लागाउँ र छोटिगैरा सामुदायिक वनमा वन नर्सरी निर्माण गरि **विरुवा उत्पादन तथा वृक्षारोपण** कार्यक्रम लागु गरिएको छ ।

४१. सार्वजनिक स्थलहरुको **सरसफाई तथा सार्वजनिक शौचालय** निर्माण गरिएको छ । फोहोर संकलनका लागि सडक तथा सार्वजनिक स्थलहरुमा **डस्टविनको व्यवस्था** गरिएको छ ।

४२. नेपाल सरकारको **प्रधानमन्त्री रोजगार कार्यक्रम** ऐरावती गाउँपालिकामा समेत सुरुवात गरिएको छ । जसअन्तर्गत रोजगार सेवा केन्द्रको स्थापना गरि बेरोजगार व्यक्तिहरुको निवेदन संकलन कार्य गरिएको छ। गाउँपालिकामा १ हजार ९ सय ७६ जनाले निवेदन दिनुभएको छ । यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि केन्द्रिय सरकारबाट प्राप्त ३५ लाख रुपैयाबाट कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम **२८० जनालाई जम्मा ४ हजार २ सय दिन रोजगारी** दिने गरि कार्यक्रम सुरुवात गरिएको छ ।

४३. कर्मचारी समायोजन पश्चात साविक स्थानीय निकायमा स्थायी नियुक्ति पाएका ३ जना र कृषि सेवा शाखामा १ जना गरि **४ जना कर्मचारीको यस गाउँपालिकामा समायोजन** भएको छ भने रिक्त दरवन्दीका लागि लोकसेवा आयोगमा माग गरि विज्ञापन खोलिएको छ ।

४४. उत्कृष्ट कर्मचारी, शिक्षक तथा विद्यार्थीहरुलाई मनोवल उच्च गराउन **पुरस्कृत गरिएको** छ।

४५. चालु आर्थिक वर्षको जेष्ठ मसान्तसम्म स्थानीय न्यायिक समितिमा **२२ वटा निवेदन दर्ता** भएको र सो मध्ये **९ वटा मेलमिलापको माध्यमबाट मिलापत्र** गरिसकिएको छ।

४६. विपद तथा आकस्मिक उद्दारका लागि **एक वडा एक हेलिप्याड** निर्माणको कार्य अगाडि बढाईएको छ । प्रकोप **उद्दार सामाग्रीको ७ स्थानमा भण्डारण** गरि आकस्मिक प्रयोगको व्यवस्था मिलाईएको छ।

४७. घरभित्रको धुवाँ मुक्त गाउँपालिका बनाउनका लागि विपन्न परिवारहरुलाई १०० वटा आधुनिक सुधारिएको चुल्हो वितरण गरिएको छ।

आदरणीय सदस्य ज्युहरु,

अव म आर्थिक वर्ष २०७६/०७७ मा अवलम्बन गरिने नीति तथा कार्यक्रमको विषयगत विवरण पेश गर्दछुः

**सुशासन तथा संस्थागत विकास:**

- **सेवाप्रदायकको मितव्ययी व्यवहार:सेवाग्राहिको सन्तुष्टिको आधार** भन्ने मुल मर्म अनुरुप भौतिक संरचना सुधार गर्दै प्रविधिमैत्री सेवा सुचारु गरिनेछ । सेवाप्रवाहमा बालवालिका, जेष्ठ नागरिक, पिछडिएको समुदाय तथा फरक क्षमता भएका व्यक्तिहरुलाई विशेष ग्राह्यता दिइनेछ।
- सार्वजनिक सेवा प्रवाहमा विद्युतिय प्रविधिको अवलम्वन गरि द्रुत सेवा र प्रभावकारी **अभिलेख व्यवस्थापनमा जोड** दिइनेछ। गाउँपालिका तथा सम्पुर्ण वडा कार्यालयहरुमा E-Networking मार्फत सुचना आदान प्रदान गर्ने प्रणालीको दिगो विकास गरि **गुणस्तर सुधारमा** जोड दिईनेछ।
- **Online System बाट व्यक्तिगत घटना दर्ता** गर्न शुरुवात गरिनेछ । घटना घटेको **३५ दिनभित्र अनिवार्य** रुपमा घटना दर्ता गर्ने गरि कार्ययोजना अगाडि बढाईनेछ ।
- नागरिक वडापत्र सहितको **वार्षिक कार्यपात्रो प्रकाशन**, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण तथा नागरिक सन्तुष्टी सर्भेक्षणलाई प्रभावकारी रुपमा संचालन गरिनेछ।
- स्थानीय सरकारले कुनै पनि तह तथा कुनै स्वरुपको भ्रष्टाचारलाई सहदैन । भ्रष्टाचार जन्य क्रियाकलाप प्रति **शुन्य सहनशिलताको** अवधारणा मार्फत सुशासनको प्रत्याभुति गरिनेछ।
- सम्पुर्ण वडाहरुमा रहेका लाभग्राहिहरुलाई **सामाजिक सुरक्षा भत्ता बैङ्किङ प्रणालि**बाट वितरणको व्यवस्था मिलाईनेछ। उपभोक्ता समितिबाट संचालन हुने योजना सम्बन्धी सम्पुर्ण कारोवार बैङ्किङ प्रणालीबाट गरिनेछ।
- गाउँपालिका भित्रका सार्वजनिक निकायबाट सम्पादन हुने सेवा प्रवाह तथा काम कार्वाहीको नागरिक तहबाट मुल्याङ्कन गरि **दण्ड र पुरस्कार**को व्यवस्था गरिनेछ।
- निर्वाचित जनप्रतिनिधि, सेवाप्रदायक कर्मचारी तथा नागरिकको क्षमता अभिबृद्धि सम्बन्धि **अभिमुखिकरण**लाई निरन्तरता दिईनेछ। जसअन्तर्गत जनप्रतिनिधि तथा कर्मचारीका लागि आधारभुत कम्प्युटर तथा अङ्ग्रेजी भाषा र दक्षता अभिबृद्धि सम्बन्धि अभिमुखिकरण तालिम संचालन गरिनेछ। कर्मचारीको लागि कार्यसम्पादनमा आधारित प्रोत्साहन उपलब्ध गराईनेछ। शिक्षकहरुका लागि पुनर्ताजगी तालिम संचालन गरिनेछ।
- विद्यालय तथा सरकारी कार्यालयहरुमा **वायोमेट्रिक हाजीरी तथा सि सि क्यामेरा जडान**लाई क्रमश विस्तार गरिनेछ।

- आवश्यकताको पहिचान गरि नागरिकका लागि सिलाईकटाई, हस्तकला, लघुउद्यम संचालन, कुकिङ, मोबाईल तथा कम्प्युटर मर्मत, मोटरसाईकल मर्मत, सिकर्मी, डकर्मी लगाएतका **सीपमुलक तथा स्वरोजगारमुलक तालिम संचालन** गरिनेछ।
- गाउँपालिका वा अन्तर्गतका सम्पुर्ण कर्मचारिको कार्यसम्पादन मुल्याङ्कनलाई नागरिक सर्वेक्षण तथा उपलब्धीसँग जोडि **कार्यसम्पादनमा आधारित प्रोत्साहन** उपलब्ध गराउन निश्चित मापदण्ड तयार गरिनेछ ।

**सामाजिक विकास:**

- सामुदायिक स्वास्थ्य ईकाईको अवधारणा अनुरुप नागरिकहरुलाई **"स्वास्थ्य सेवामा मेरो पहुँच"** नामक कार्यक्रम मार्फत स्थापित सामुदायिक स्वास्थ्य ईकाईहरुको निरन्तरता दिंदै आवश्यकताका आधारमा थप स्वास्थ्य ईकाईहरु स्थापना गरि आवश्यक औषधि तथा उपकरणहरुको पर्याप्त व्यवस्था गरिनेछ।
- स्वास्थ्य क्षेत्रका कर्मचारी तथा महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई **प्रोत्साहन तथा क्षमताविकास**का कार्यक्रम सञ्चालन गरिनेछ
- गाउँपालिका स्तरीय **मेडिकल स्टोर निर्माण** योजनालाई अगाडि बढाईनेछ र स्वास्थ्य संस्थाहरुमा नेपाल सरकारद्वारा निशुल्क वितरणका लागि घोषणा गरिएका औषधिको आवश्यकता अनुसार परिपुर्ति गरिनेछ।
- पुरनठाँटी स्वास्थ्य चौकी, बरौंलामा सुरु गरिएको **टेलीमेडिसिन सेवा**लाई नियमित संचालन गर्ने व्यवस्था गर्दै अन्य स्वास्थ्य चौकिहरुमा विस्तार गर्दै लगिनेछ ।
- मासिक रुपमा संचालित **गाउँघर क्लिनिक**हरुलाई आवश्यकताका आधारमा साप्ताहिक रुपमा र अन्य क्षेत्रमा विस्तार गर्दै लगिनेछ ।
- **वृद्धलाई ओखती कार्यक्रम**लाई थप व्यवस्थित गरि निरन्तरता दिईनेछ।
- **"दक्ष स्वास्थ्यकर्मी, सुरक्षित स्वास्थ्य संस्था**
  **संस्थामै सुत्केरी सुरक्षित आमा र बच्चा"** भन्ने मुल अभिप्राय लिई **"होम टु हस्पिटल (H2H)"** कार्यक्रम अगाडि बढाईनेछ ।
- पुर्ण खोप दिगोपना, नो होम डेलिभरी, सुत्केरी तथा नवजात शिशु स्याहार सेवाको लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।

- **एक घर एक धारा**को अवधारणा सहित स्वच्छ खानेपानी सबैको पहूँच स्थापित गरिनेछ। **घरभित्रको धुवाँमुक्त गाँउ, पुर्ण आनीवानी परिवर्तन (TBC)** लगाएतका कार्यक्रम संचालन गरिनेछ।
- विद्यालयहरुको प्रविधिमैत्री **पुर्वाधार विकास तथा विज्ञान प्रयोगशाला सुधार**मा जोड दिइनेछ। नमुना विद्यालयको अवधारणा अनुरुप शैक्षिक गुणस्तर सुधारका कार्यक्रमहरु संचालन गरिनेछ।
- विद्यार्थी संख्याको आधारमा **शिक्षक व्यवस्थापन** गर्ने गरि कार्ययोजना अगाडि बढाईनेछ ।
- **खेलकुद शिक्षक तथा विषयगत शिक्षकहरुलाई प्राथमिकताका आधारमा तालिम**को व्यवस्था गरिनेछ ।
- जीवनमा शिक्षाको औपचारिक सुरुवातको रुपमा रहने वालविकास कक्षालाई **रोचक, ज्ञानबर्द्धक र नमुना** बनाईनेछ। प्रारम्भिक वालविकास केन्द्रहरुमा **वाल उद्यान निर्माण** कार्यलाई निरन्तरता दिईनेछ ।
- आधारभुत तथा माध्यमिक विद्यालयहरुमा छात्राहरुको सुरक्षित महिनावारीका लागि **निशुल्क स्यानीटरी प्याड** उपलब्ध गराईनेछ ।
- किशोरकिशोरी लक्षित यौन, प्रजनन तथा स्वास्थ्य शिक्षा सम्बन्धी विद्यालयमा **स्वास्थ्यकर्मी भेटघाट कार्यक्रम**लाई निरन्तरता दिईनेछ ।
- **व्यवसायिक तथा प्राविधिक शिक्षालय** स्थापनाको लागि आवश्यक पहल गरिनेछ। गाउँपालिकामा भित्र उच्च शिक्षाका लागि कम्तीमा एक वटा **क्याम्पस संचालन** गर्न पहल गरिनेछ।
- गरिव तथा विपन्न विद्यार्थीहरुलाई **शैक्षिक सामाग्रीको व्यवस्था तथा छात्रबृत्तिको व्यवस्था गर्न निश्चित कोष** स्थापना गरि संचालन गरिनेछ।
- उत्कृष्ट कर्मचारी, विद्यार्थी तथा शिक्षकहरुलाई **पुरस्कृत गरि मनोवल उच्च** वनाईनेछ।
- लक्षित समुह(अल्पसंख्यक, दलित, जनजाती, अपाङ्ग, महिला आदि) को शशक्तिकरणका लागि क्षमता तथा सीप विकास सम्बन्धी कार्यक्रम मार्फत **आत्मनिर्भरता उन्मुख कार्यक्रम** संचालन गरिनेछ।
- जेष्ठ नागरिकको सम्मान, अनुभव तथा ज्ञान आदानप्रदान गर्नका लागि **जेष्ठ नागरिक अनुभव आदानप्रदान केन्द्र** स्थापना गरिनेछ ।
- स्थानीय मौलिक कला, संस्कृति तथा प्रविधिहरुको संरक्षणका लागि **हाम्रो संग्रालय** र अध्ययन केन्द्रको रुपमा **इन्टरनेट सहितको पुस्तकालय** स्थापना गरिनेछ ।

- वालमैत्री गाउँपालिका घोषणाका लागि वस्ती स्तरबाटै वालवालिकाको सहभागिता सुनिश्चित हुने गरि **ज्ञानी छोराछोरी कार्यक्रम** संचालन गरिनेछ ।

- लैङ्गिक समानता र सामाजिक समाबेशिकरण प्रवर्द्धनका लागि वितरणकारी- पुनर्वितरणकारी न्यायको मान्यता अवलम्बन गरिनेछ। सामाजिक विभेद, सामाजिक हिंसा, लैङ्गिक हिंसा अन्त्य, वालविवाह न्युनिकरण, वाल हिंसा र वाल श्रमको अन्त्य तथा सामाजिक विभेद अन्त्यका लागि **"उपाध्यक्ष सम्म न्यायिक पहुँच"** कार्यक्रम मार्फत सचेतना तथा कानुनी सहायता कक्षा निरन्तर संचालन गरिनेछ।

- सार्वजनिक, निजी, सहकारी, राष्ट्रिय तथा अन्तराष्ट्रिय दातृ संस्थाहरु सँगको सहकार्य र साझेदारिमा कार्यक्रमहरु संचालन गरिनेछ। साझेदारीका योजना तथा कार्यक्रमहरुमा नागरिकका आवश्यकता परिपुर्ति गर्न समावेशिता र समताको मर्म अनुरुप **एकिकृत र एकद्वार नीति** अवलम्बन गरिनेछ।

- खेलकुद क्षेत्रको विकासका लागि गाउँपालिका स्तरिय र वडा स्तरिय खेलकुद विकास समिति गठन गरि गाउँपालिका स्तरीय विभिन्न **खेलकुद प्रतियोगिता** संचालन गरिनेछ।

**पुर्वाधार विकासः**

- Bottom-Up Approach मा आधारित भएर योजनाहरुको टोल वस्ती स्तरबाटै छनौट गरि प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कनका लागि **आधिकाधिक जनसहभागिता**लाई जोड दिईनेछ।

- स्थानीय सीप तथा कच्चा पदार्थको उच्चतम प्रयोग गर्दै घरेलु उद्योग तथा व्यवसाय प्रवर्द्धनका लागि **ओद्योगिक ग्राम संचालन गर्न** आवश्यक पुर्वाधार निर्माणको शुरुवात गरिनेछ ।

- वजार व्यवस्थापन, हाट वजार संचालन, कालोबजारी नियन्त्रण तथा अत्यावश्यक वस्तु तथा सेवाको उपलब्धताका लागि स्थानीय सरोकारवाला सर्वपक्षिय प्रतिनिधि सम्मिलित समिति गठन गरि **अनुगमन र नियमन**लाई निरन्तरता दिईनेछ ।

- कृषि, खानेपानी तथा सरसफाई, गरिबी न्युनिकरण, साना सिँचाई, लिफ्ट सिँचाई, थोपा सिँचाई, रोजगारमुलक उद्यमको विकास, वस्तिसम्म सडक विस्तार तथा स्तरोन्नतीकरण लगायत पर्यटन प्रवर्द्धनका कार्यक्रमहरुमा **साझेदारी नीति** अवलम्वन गर्दै पुर्वाधार विकासलाई जोड दिईनेछ।

- गाउँपालिकाको केन्द्र र वडा कार्यालय जोड्ने सडकहरुको स्तरोन्नती तथा नियमित रेखदेख गर्ने गरि **यातायात संचालन** गर्न यथासम्भव पहल गरिनेछ।

- गाउँपालिका तथा वडा **कार्यालयको भवन निर्माण** सम्पन्न गरि आफ्ने भवनबाट सेवा प्रवाह गर्ने गरि कार्य संचालन गरिनेछ ।
- गाउँपालिका अन्तर्गतका कार्यालय र **विद्यालयहरुको भौतिक संरचना निर्माण** तथा व्यवस्थापनलाई क्रमश पुरा गर्दै लगिनेछ।
- वस्तीहरुमा **विद्युत विस्तार तथा सडक वत्ती विस्तार**को लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ।
- समुन्द्राफाँट सिँचाई, जाडिफाँट सिँचाई, चुनाहाफाँट सिँचाई लगाएतका **खेतीयोग्य भुमिको सिँचाईका** लागि आवश्यक पहल गरिनेछ।
- **झिमरुक-विजुलीकोट लिफ्ट खानेपानी योजना, दाङवाङ लिफ्ट खानेपानी योजना, साविक बरौला गा.वि.स.को वडा नं ७, ८ र ९ को खानेपानी व्यवस्थापन तथा तिल्केनी चुत्रेनी खानेपांनी लिफ्ट खानेपानी योजना**को कार्य सम्पन्न गर्न आवश्यक श्रोतको खोजी गरि कार्य अगाडि बढाईनेछ ।
- खेलकुद विकासका लागि ऐरावती-२, **ददेरीपाटामा कभर्ड हल निर्माण**लाई पुर्णता दिईनेछ। गाउँपालिकामा स्तरीय सुविधासहितको रङ्गशाला निर्माण, वडाहरुमा **खेलमैदान निर्माण** कार्यलाई क्रमागत योजनाको रुपमा संचालन गरिनेछ।
- नागरिकको आवश्यकता, विकासको अवस्था र श्रोतको उपलब्धता बिच तादाम्यता कायम गर्न **आवधिक योजनाको निर्माण** कार्यलाई पुर्णता दिईनेछ।
- चेरनेटा-पुरनठाँटि-जोगिटारी सडकलाई **पक्की सडक** बनाउनका लागि सक्दो पहल गरिनेछ।

**आर्थिक विकासः**

- गाँउपालिकाको श्रोतको अनुमान ,प्राप्ति ,परिचालन र उपभोगमा नागरिक सहभागिताको प्रवर्द्धन गर्दै बजेटको. प्रभावकारी, प्रतिफलयुक्त र **दिगो कार्यान्वयन**मा जोड दिईनेछ। योजना कार्यान्वयनमा चुस्तता कायम गर्न प्रविधीको अधिकतम प्रयोग गरिनेछ।
- **प्रगतिशिल कर प्रणाली** अवलम्बन गरिनेछ । कर अभिलेख प्रणालीलाई **सूचना प्रविधिमा आधारित** बनाउदै लगिनेछ।
- **घरेलु तथा साना उद्योग विकासका लागि आवश्यक प्रोत्साहन** गरिने र स्थानीय उत्पादनको उपभोग र प्रवर्द्धनमा जोड दिईनेछ । लघु उद्यम सम्बन्धी आवधिक योजना अनुरुप कार्यक्रम संचालन गरिनेछ।

- कृषि क्षेत्रको विकासका लागि **वैज्ञानिक र व्यवसायिक खेति प्रणालि अवलम्बन** गरिनेछ। माटो परिक्षणका आधारमा पकेट क्षेत्र तथा कृषि ब्लक निर्धारण गरि कृषिलाई विविधिकरण र व्यवसायिकरण गर्ने कार्यको शुभारम्भ भएको अवस्थामा यसलाई प्रभावकारी बनाउँदै लगिनेछ। अदुवा, बेसार, रांज्मा, आलु, प्याज, बेमौसमी टमाटर, कागति, सुन्तला, आँप, केरा लगायतका **उत्पादनको विशेष क्षेत्र** तोकि कार्यक्रम संचालन गरिनेछ।
- व्यवसायिक पशुपालन, मौरीपालन, मासु उत्पादन, दुग्ध तथा पोल्ट्री जन्य वस्तुको **उत्पादनलाई प्रोत्साहन गरि आत्मनिर्भरता तर्फ उन्मुख** गराईनेछ। **कृत्रिम गर्भाधान तथा प्राकृतिक नश्ल सुधार** लगाएतका कार्यक्रमहरु नियमित गरिनेछ।
- सहकारी वा समुह मार्फत **सामुहिक खेती तथा पशुपालन** प्रणालीलाई प्रोत्साहन गरिनेछ।
- श्रमको सम्मान गर्दै **उचित ज्यालादर** निर्धारण गरिनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम बाट **सम्मानजनक र आयमुलक रोजगारी** मार्फत पुंजी निर्माण गर्ने गरि श्रोत परिचालन गरिनेछ । गाउँपालिकामा स्थापना भएको रोजगार सेवा केन्द्रलाई व्यवस्थित गरि श्रम तथा सीपको वर्गिकरण गर्दै श्रम बजारमा **माग र आपुर्तीको व्यवस्थापन**मा जोड दिईनेछ ।
- मुख्य मन्त्री ग्रामिण विकास कार्यक्रम मार्फत प्राप्त श्रोतलाई विपन्न तथा लक्षित समुदायका नागरिकको **जीविकोपार्जन तथा मानव पुँजी निर्माण**को क्षेत्रमा परिचालन गरिनेछ ।
- स्थानीय स्रोत साधनको उच्चतम उपयोग गर्दै **स्वरोजगारमुलक सीप विकास** सम्बन्धी तालिम संचालन गरि दिगो र भरपर्दो आय आर्जनको श्रोत सुनिश्चिततका लागि समुचित अनुदानको व्यवस्था गरिनेछ।
- अनुपस्थित भु-स्वामित्व तथा खेतियोग्य जमिनलाई बाँझो राख्ने प्रबृत्तिको अन्त्यका लागि पहल गरिनेछ। **वैज्ञानिक भु-उपयोग नीति** बनाउन शुरुवात गरिनेछ ।
- कृषि तथा वन नर्सरीको विस्तार गरि **जडिबुटि खेतिलाई प्रोत्साहन** गरिनेछ।
- पर्यटन मार्फत आर्थिक विकासका लागि धार्मिक तथा पर्यटकिय क्षेत्रको पहिचान, संरक्षण र विकासमा जोड दिइनेछ। ऐरावती धार्मिक क्षेत्र, विजुलीकोट, बरौंलाकोट, काफलबुटाको तपस्वी गुफा, कुटीलेक, जावुनेदह, कल्र्याङकुर्लुङ लगाएतका क्षेत्रहरुलाई संरक्षण गरि धार्मिक तथा पर्यटकिय पहिचान स्थापित गर्दै नयाँ पर्यटकिय गन्तब्यको खोजीलाई पनि निरन्तरता दिन **पर्यटन गुरुयोजना** तयार गरिनेछ।
- धार्मीक तथा पर्यटकीय क्षेत्रको विकासका लागि ऐरावती,कमिरे लेक (कामीथुम) को **पर्यटकीय भ्यु टावर निर्माण तथा टाकुरा डाँडाको वनभोज उद्यान**लाई निरन्तरता दिईनेछ ।

- विश्वव्यापिकरणले भित्र्याएका प्रविधिहरुलाई अवलम्वन गर्दै स्थानीय मौलिक सिपको वजार विस्तारका लागि सहकारी मार्फत **कोसेली घर** संचालन गरिनेछ।

**वातावरण तथा विपद व्यवस्थापन:**

- हरियाली प्रबर्द्धन, प्राकृतिक स्वच्छता तथा सुन्दरता कायम गर्ने कार्यलाई प्राथमिकता दिईनेछ। विकास निर्माण कार्य संचालन गर्दा **दिगो विकास तथा हरित विकास** नीति अवलम्वन गरिनेछ।
- नयाँ सडक ट्र्याक संचालन गर्दा सार्वजनिक तथा वन क्षेत्रहरुमा **वृक्षारोपणलाई अनिवार्य** गरिनेछ ।
- जनता आवास कार्यक्रम अन्तर्गत **खरका छाना विस्थापन** कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- **"अध्यक्ष वन संरक्षण कार्यक्रम"** मार्फत सार्वजनिक खाली स्थान तथा सडक किनाराहरुमा बृक्षारोपण, पोखरी निर्माण, वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम संचालन गरिनेछ।
- नदी नियन्त्रणका लागि **तटबन्ध निर्माण तथा जलवायु अनुकुलन**का कार्यक्रमहरु संचालन गरिनेछ।
- **जलचर तथा जलाधार संरक्षण** सम्बन्धी आवश्यक कानुनको तर्जुमा गरिनेछ।
- गाउँपालिका स्तरिय **विपद प्रतिकार्य योजना** तयार गरि लागु गरिनेछ। विपद व्यवस्थापन कोषलाई कार्ययोजना बनाई पुर्वतयारी, अनुकुलन तथा पुनर्स्थापनाका लागि न्युनतम आधार तयार गरिनेछ।
- विपद तथा प्रकोप प्रभावितहरुलाई तत्काल उद्दारका लागि **QRT (Quick Response Tem)** प्रत्येक वडामा गठन गरिनेछ।
- चरिचरन व्यवस्थापन, डढेलो तथा प्रकोप नियन्त्रणका लागि **वन संरक्षण** सम्बन्धि कार्यक्रम बनाई लागु गरिनेछ।
- धुवाँमुक्त घर बनाउनका लागि सुधारिएको चुल्हो वितरणलाई निरन्तरता दिईनेछ।
- फोहोर उत्पादनलाई न्युनिकरण गर्दै उत्पादित **फोहोरको वर्गिकरण** गरि पुनः प्रयोगमा जोड दिईनेछ। व्यवस्थित **डम्पिङ साईटको निर्माण** गरि फोहोरबाट उर्जा उत्पादनको सम्भाव्यता अध्ययन गरिनेछ।
- **"स्वच्छ ऐरावती"** को पहिचान सहित पुर्ण सरसफाई युक्त गाउँपालिका घोषणाका लागि आवश्यक पुर्वाधार विकासका कार्यक्रमहरु संचालनमा जोड दिईनेछ।

अन्त्यमा परिवर्तित राज्य संरचनाको नौलो अभ्यासमा गहन जिम्मेवारी बोध गर्दै यस गरिमामय सभामा प्रस्तुत गरिएबमोजिमका अपेक्षित उपलब्धि हासिल गर्न सम्पुर्ण सदस्यज्युहरु, कर्मचारी, शिक्षक, राजनीतिक दल, सुरक्षाकर्मी, नागरिक समाज, सहयात्री सरकारी तथा गैरसरकारी संघ-संस्था, पत्रकार लगाएत आम ऐरावतीवासीको अमुल्य सहयोग तथा सहभागिताले मात्र संभव हुने कुरा अवगत नै छ । तसर्थ यस गाउँपालिका भित्र संचालन हुने हरेक क्रियाकलापहरुमा यहाँहरु सबैको सार्थक सहभागिता तथा कार्यान्वयनमा तत्परताले नै **शान्त, सुन्दर र समुन्नत ऐरावती** बनाउने अपेक्षा सहित यहाँहरु प्रति हार्दिक आभार प्रकट गर्दै विदा हुन्छु ।। धन्यवाद।।

नविल विक्रम शाह
अध्यक्ष
ऐरावती गाउँपालिका, बरौंला, प्युठान।